# संचारिका
# फिचर सेवा

वर्ष १३, अङ्क १८ असोज/कात्तिक September 2012

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजुरआमाले आफूमाथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# बालविवाहविरुद्ध किशोरकिशोरी

**चेपाङ, तामाङलगायतका समुदायको बसोबास रहेको विकट क्षेत्रमा चेतना अभावले अझै बालविवाह रोकिएको छैन । त्यस क्षेत्रमा १५ वर्षमै आमा बनिसकेका धेरै किशोरी भेट्न सकिन्छ । तर, अहिले किशोरीहरू स्वयम्ले बालविवाहविरुद्ध आवाज उठाउन थालेपछि भने केही सुधार आएको छ ।**

**नरेन्द्र सापकोटा**

मकवानपुरको बसामाडी गाविसकी १६ वर्षीया अनुषा अर्यालले २० वर्ष पूरा नगरी विवाह नगर्ने प्रतिबद्धता जनाएकी छिन् । उनी आफू मात्रै होइन, अरूलाई पनि २० वर्ष पार नगरी विवाह गर्नुहुँदैन भनेर चेतना जगाउने अभियानमा लागेकी छिन् । गाउँघरमा उमेरै नपुगी विवाह गर्ने प्रचलन रहेकाले अहिले अनुषाजस्तै केही किशोरी बालविवाहविरुद्धको अभियानमा क्रियाशील भएका छन् । विशेषतः जिल्लाका ग्रामीण भेगका किशोरी अहिले बालविवाहविरुद्ध सक्रिय भएका हुन् ।

विभिन्न गैरसरकारी संस्थाको तालिमपश्चात् उनीहरू गाउँघरमा बालविवाह गर्नुहुँदैन भन्ने चेतना जगाउने अभियानमा लागेका हुन् । बाल कल्याण समाज मकवानपुरले जिल्लाका विभिन्न १५ वटा गाविसमा अहिले बालविवाहविरुद्ध किशोरीहरूलाई नै परिचालन गरेको छ । जिल्लाका विकट गाउँमा अहिले पनि बालविवाह सामान्य मानिन्छ । चेतनाको अभावमा बालविवाह हुने गरेकाले किशोरीलाई त्यसविरुद्ध परिचालन गरिएको समाजका कार्यक्रम संयोजक प्रकाश खतिवडाले बताए । खतिवडाका अनुसार जिल्लाका राक्सिराङ, खैराङ, काँकडा, भार्ता, गोगनेलगायतका विकट गाविसमा बढी बालविवाह हुने गरेको छ । चेपाङ, तामाङलगायतका समुदायको बसोबास रहेको विकट क्षेत्रमा चेतना अभावले अझै बालविवाह रोकिएको छैन । त्यस क्षेत्रमा १५ वर्षमै आमा बनिसकेका धेरै किशोरी भेट्न सकिन्छ । तर, अहिले किशोरीहरू स्वयम्ले बालविवाहविरुद्ध आवाज उठाउन थालेपछि भने केही सुधार आएको छ ।

बाल कल्याण समाजले पहिला किशोरीको समूह बनाउने र समूहमा आबद्ध किशोरकिशोरीलाई बालविवाहबारे जानकारी दिने गरेको छ । बालविवाह, यसले पार्ने असर, कानुनी अवस्थालगायतका कुरा जानकारीमा समेट्ने गरिएको छ । आफू सचेत भएपछि किशोरीहरू त्यसविरुद्ध समाजमा परिचालन हुने गरेका छन् । प्लान इन्टरनेसनल नेपालको सहयोगमा समाजले एउटा समूहमा २५ जनाका दरले विभिन्न १५ गाविसमा ७४ वटा किशोरी समूहलाई बालविवाहविरुद्ध परिचालन गरेको छ । उनीहरू ११ वर्षदेखि १९ वर्षसम्मका छन् । जसमा एक हजार सात सय ७९ किशोरकिशोरी आबद्ध छन् । तीमध्ये आदिवासी जनजाति एक हजार तीन सय पाँचजना, ब्राह्मण-क्षेत्री तीन सय ९१, दलित ८३ जना र अपाङ्गता (फरक क्षमता) भएका नौजना किशोरकिशोरी रहेका छन् ।

अभियानमा सहभागी किशोरी ज्ञानु उप्रेतीले बालविवाहबारे समूहमा आबद्ध नभएका आफ्ना साथीहरूलाईसमेत सचेत पार्ने र अभियानमा सहभागी गराउने बताइन् । आफ्नो गाउँटोलमा बालविवाह हुन लागेको थाहा पाएमा त्यसलाई रोक्न आफूहरूको अभियान महत्वपूर्ण भइरहेको र हुने उनको भनाइ छ । 'पहिला हामी विवाह हुन लागेकी किशोरीलाई सचेत पार्छौं, यसपछि उनका अभिभावकसम्म पुगेर विवाह हुन दिन्नौं,' उनले भनिन् । अभियानका क्रममा किशोरीहरूले छिट्टै विवाह गर्दा हुनसक्ने सम्भावित असरबारे जानकारी गराउने गरिएको छ । कार्कीका अनुसार उनीहरूले बालविवाह गर्दा शरीर कमजोर हुने, धेरै सन्तान जन्मने, आर्थिक रूपमा पनि कमजोर भइने, प्रजनन स्वास्थ्यमा नकारात्मक असर पर्नेलगायतका जोखिमबारे बताउने गरेका छन् । सिविन नेपालको बाल हेल्पलाइन हेटौंडाले पनि बालविवाहविरुद्ध किशोरी शिक्षा सञ्चालन गरिरहेको छ । जसमा किशोरीहरू तालिम लिएर आफैं बालविवाहविरुद्ध जुट्ने गरेका छन् । हेल्पलाइनका अनुसार ६ महिनाको बीचमा बालविवाह रोक्न माग गर्दै तीनवटा उजुरी परेका छन् । सदरमुकाम हेटौंडासँगै जोडिएको चुरियामाई गाविसमा हुन लागेको बालविवाह धेरै प्रयास गर्दा पनि रोक्न नसकिएको हेल्पलाइनका कार्यक्रम अधिकृत झविन्द्र ज्ञवालीले बताए । 'हामी पुग्दा विवाह भइसकेको रहेछ, हामीले सम्झाउने धेरै प्रयास गर्दा पनि सफल हुन सकिएन,'

उनले भने। यसरी नगरसँगै जोडिएका गाविस र नगर क्षेत्रमा अहिले पनि बालविवाह रोकिएको छैन। पछिल्लो समय विकसित प्रविधिले पनि बालविवाह बढाएको ज्ञवालीको तर्क छ। 'अहिले बाबुआमाले गरिदिने विवाहभन्दा पनि प्रविधिले गर्दा बालविवाह बढ्दो छ, मोबाइल फोन र त्यसैमा चलाउन सकिने इन्टरनेटका कारण विद्यालय पढ्दापढ्दै विवाह गर्नेहरू बढेका छन्,' उनले भने। विद्यालयमा मोबाइल प्रतिबन्ध गर्ने र अभिभावकले आफ्ना छोराछोरी प्रविधिको कत्तिको सदुपयोग गर्दै छन् भन्ने कुरामा ध्यान दिएमा बालविवाह रोक्न केही हदसम्म टेवा पुग्ने ज्ञवालीको भनाइ छ। ग्रामीण भेगमा चेतनाको कमी र सहरी क्षेत्रमा प्रविधिको बढ्दो दुरुपयोगले बालविवाहले प्रश्रय पाइरहेको पनि उनले बताए।

विशेषगरी शिक्षाको कमी र आर्थिक अभाव भएका ग्रामीण भेगमा बालविवाह अत्यधिक हुने गरेको छ। चेपाङ र तामाङ जातिको बाहुल्य रहेका विकट गाविसमा किशोरी नहुँदै आमा बनेका थुप्रै बालिका भेटिन्छन्। विकट काँकडा गाविस- १ सिलिङ्गोकी अत्रमाया चेपाङ भर्खर १६ पुगेर १७ लागेकी छिन्। तर, उनको छोरा एक वर्षको भइसकेको छ। १४ वर्ष लाग्न नपाउँदै विवाह गरेकी अत्रमायालाई न त परिवार नियोजनका साधनबारे जानकारी छ न आफ्नो शिशुको स्याहारका बारेमा नै। जसका कारण आमा र बच्चा दुवैको स्वास्थ्यमा समस्या आउने गरेको छ। चेपाङ अगुवा एवम् पूर्वसभासद् गोविन्दराम चेपाङका अनुसार उमेर नपुगी विवाह गर्नुहुँदैन भनेर चेपाङ बालबालिकालाई प्रशिक्षित गराउन सके बालविवाह धेरै हदसम्म कम हुने अपेक्षा गर्न सकिन्छ। पूर्वसभासद् चेपाङले भने, 'हामीले थाहा पाएका ठाउँमा त रोक्ने प्रयास गर्छौं, तर सम्बन्धित किशोरीहरूलाई नै यस्तो जानकारी दिँदाचाहिँ बढी प्रभावकारी हुने रहेछ।' गैरसरकारी तहबाट मात्र नभएर सरकारी निकायबाटसमेत यस्ता कार्यक्रम लागू गरिनुपर्ने उनले बताए।

बालविवाहलाई नेपालको कानुनले बर्जित गरेको छ। तर, यसलाई नियन्त्रण र न्यूनीकरण गर्न निकै कठिन भइरहेको यस क्षेत्रमा काम गरिरहेकाहरूको अनुभव छ। त्यसैले बालिका र किशोरीहरूलाई नै सचेत पार्नु आवश्यक रहेको अभियानकर्ताहरूको भनाइ छ। साथै कानुनको कार्यान्वयन हुन नसकेका कारण बालविवाहले निरन्तरता पाइरहेकाले कानुनको कार्यान्वयन पनि त्यत्तिकै जरुरी छ।

*सञ्चारिका फिचर सेवा*

*(नरेन्द्र गोरखापत्र दैनिकका हेटौंडास्थित संवाददाता हुन्)*

# कहिले आउला कठोर कानुन ?

**रघुनाथपुरस्थित प्रहरीचौकीमै बोक्सी आरोपसम्बन्धी एउटा घटनालाई प्रहरीले ३० हजारमा मिलापत्र नगराएको भए पुनः यस्ता घटना दोहोरिने थिएनन् भन्ने भनाइ नेपाल बार एसोसिएसन महोत्तरी इकाइका अध्यक्ष रामशंकर साहको छ। यसप्रकारको हिंसा गर्ने अपराधीलाई कानुनी दायरामा ल्याउनुको साटो मिलापत्र गर्ने गरिएकोले घटनाहरूले निरन्तरता पाउने गरेको उनले बताए।**

**✍ राकेश चौधरी**

साउनको पहिलो हप्तामा महोत्तरी बजराहीकी एक महिलालाई बोक्सीको आरोप लगाई बेइज्जती गरियो। जिल्ला प्रहरी कार्यालयको महिला सेलमा यस घटनाबारे निवेदन दर्ता छ। रामकलीलाई १० हजार भारतीय रुपैयाँको खाँचो भयो। आफ्नो ऋण चुकाउन, सामान किन्न वा घरकै अन्य कामका लागि नभई समाजले तोकेको जरिवाना बुझाउन उनलाई रकम चाहिएको थियो। असारको अन्तिम हप्तामा मडै गाउँकै भलाद्मी भनाउने पञ्चहरूले जरिवाना गरेको २० हजार रुपैयाँ ऋण काढेर बुझाइसक्दासमेत १० हजार भारतीय रुपैयाँको खाँचो पऱ्यो। गाउँका भलाद्मी भनाउने पञ्चहरूले बोक्सी भएको आरोप लगाउँदै रामकलीलाई रकम जरिवाना गरेका थिए।

जरिवानाबापत थप रकम खोज्न नसकेपछि गाउँकै एकीकृत माओवादीका एक कार्यकर्ताको सहयोगमा उनी सदरमुकामसम्म आइपुगिन्।

सदरमुकामसम्म यो घटना आइपुग्न १५ दिन लाग्यो । उनका पतिले गाउँको 'पञ्च'ले गरेको फैसलाविरुद्ध सदरमुकाममा उजुरी गरे । यसअघि जरिवानाका लागि रकम खोज्न उनले निकै दिन लगाए, घटनाको उजुरी गरे भोलि गाउँमा बस्न गाह्रो होला, काम नपाइएला भन्ने उनलाई लागेको थियो ।

रघुनाथपुरस्थित प्रहरीचौकीमै बोक्सी आरोपसम्बन्धी एउटा घटनालाई प्रहरीले ३० हजारमा मिलापत्र नगराएको भए पुनः यस्ता घटना दोहोरिने थिएनन् भन्ने भनाइ नेपाल बार एसोसिएसन महोत्तरी इकाइका अध्यक्ष रामशंकर साहको छ । यसप्रकारको हिंसा गर्ने अपराधीलाई कानुनी दायरामा ल्याउनुको साटो मिलापत्र गर्ने गरिएकोले घटनाहरूले निरन्तरता पाउने गरेको उनले बताए । महिला सेलका प्रहरी सहायक निरीक्षक रमा थापाले महिलाविरुद्धका हिंसा र लैङ्गिकतामा आधारित हिंसाको निवेदनलाई कारबाही प्रक्रियामा विलम्ब नगरी अगाडि बढाउने गरिएको बताइन् ।

महोत्तरीमा महिलामाथि बोक्सीको आरोप लगाएर यसरी प्रताडना दिनेहरूमा गाउँमा आर्थिक रूपले सम्पन्न, राजनीतिक र सामाजिकस्तरमा मान्यजनको भूमिकामा रहेकाहरू अग्रपङ्क्तिमा छन् । जातीय र परम्परागत कामको विरुद्धमा उत्रने, आफ्नो मिहिनेतले आर्थिक उन्नति गर्ने, लोग्ने गुमाएका, अनुहार अलिक फरक प्रकृतिका भएका महिलामाथि बोक्सीको आरोप लगाएर तह लगाउने काममा गाउँका केही व्यक्तिहरू अगाडि आउने गरेको देखिन्छ ।

बोक्सी आरोप लगाएर पीडा दिएको, जरिवाना गराएको वा गाउँमा बस्न नदिएको विवरणसहितका निवेदन प्रत्येक महिनामा कम्तीमा पनि एउटा आउने गरेको मानवअधिकार संरक्षण केन्द्रले जनाएको छ । पीडितहरू प्रहरी, प्रशासन एवम् महिला तथा बालबालिका कार्यालयमा नगई सबभन्दा पहिला गैरसरकारी संस्थामा आउनुले सरकारी पक्ष र पीडितबीचको खाडललाई प्रस्ट पारेको छ ।

बोक्सी आरोपमा ०५८ सालमा प्रताडित सिमरदहीकी मरनी देवी अझै न्यायकै पर्खाइमै छिन् । जिल्ला प्रशासन कार्यालयबाट तत्कालीन समयमा दोषी किटान गरिएका अझै खुला रूपमै घुमिरहेका छन् । जिल्ला प्रशासन कार्यालयले केही सार्वजनिक अपराध ऐनअन्तर्गत गाविसका तत्कालीन अध्यक्ष नवलकिशोर सहनीसहितका १६ जनालाई ९२ हजार रुपैयाँ जरिवानाको फैसला गरेको थियो । यो फैसला पीडिकहरू नमानेपछि मुद्दा पुनरावेदन हुँदै सर्वोच्च अदालतसम्म पुगेको छ ।

मरनी देवी मात्र नभई ०५९ सालमा बोक्सी आरोपमै प्रताडित पर्सादेवाडकी सुदामा देवीलाई राज्यले क्षतिपूर्तिबापत दिन भनिएको ३० हजार रुपैयाँ पनि पाउन मानवअधिकार आयोगलगायत विभिन्न सङ्घसंस्थाको शरणमा जानुपर्‍यो । एक दशकभन्दा बढी बितिसक्दासमेत मरनी देवीलाई क्षतिपूर्ति त के सामाजिक प्रतिष्ठासम्म पाउन हम्मेहम्मे छ । उनलाई अहिले पनि गाउँमा बोक्सीको आरोप लगाई अपमान गर्ने गरिन्छ ।

गत वर्ष बीसीपीटीकी पटमरी दासलाई गाउँकै एकीकृत माओवादीका कार्यकर्ताको नेतृत्वमा बोक्सी आरोप लगाई दुर्व्यवहार गरिएको थियो । गत पुसमा महोत्तरी जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाको इजलासले आरोपित बीसीपीटीका जगदेव दास, लालधारी दास देवधारी दास, गोविन्द दास, लक्ष्मण दास, रामपरी देवी र बसमतिया देवीसहितका सातजनालाई जनही तीन महिनाको कैद र पाँच हजार रुपैयाँ जरिवानाको फैसला गरेको छ । सजाय तोकिएका व्यक्तिहरू पुनरावेदन अदालतमा पुगेका छन् ।

मुलुकी ऐनको अदल १० को 'ख' मा यसप्रकारका घटनाका लागि तीन महिनादेखि दुई वर्ष कैद वा पाँच हजारदेखि २५ हजार रुपैयाँ जरिवाना वा दुवै सजायको व्यवस्था रहेको अधिवक्ता विकरु यादवले बताए । उनले पीडितको भरणपोषण, सुरक्षा, क्षतिपूर्तिलगायतका कुरामा कानुन मौन रहेको बताए । यस सम्बन्धमा कडा कानुन आवश्यक रहेको अधिकारवादीहरूको धारणा छ ।

बोक्सी आरोपविरुद्ध मुलुकी ऐनमा व्यवस्था हुनुपूर्व यस्ता मुद्दाहरू केही सार्वजनिक अपराध ऐनअन्तर्गत प्रमुख जिल्ला अधिकारीमार्फत हेर्ने व्यवस्था रहेको थियो । चित्त नबुझे अदालतसम्म जाने व्यवस्था रहेको थियो । बोक्सी आरोपसम्बन्धी कानुन बनाउन राष्ट्रिय महिला आयोगले बोक्सी आरोप अपराध नियन्त्रणसम्बन्धी विधेयकको मस्यौदा तयार गरेर विधायिकी प्रक्रिया चलाएको भए पनि मस्यौदा कस्तो किसिमको बनेको भन्नेबारे कमैलाई जानकारी छ । महिला आयोगले पेस गरेको मस्यौदाबारे छलफल हुनुपर्ने आवश्यक रहेको मानवअधिकार संरक्षण केन्द्र महोत्तरीका अध्यक्ष मदनकुमार झाले बताए ।

बोक्सी आरोपसम्बन्धीकै मुद्दामा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश गोविन्दबहादुर श्रेष्ठ र न्यायाधीश रामनगिना सिंहको संयुक्त इजलासले ०६० कात्तिक २४ गते जलेश्वर नगरपालिका- ४ का एमालेबाट निर्वाचित तत्कालीन

वडाध्यक्ष शम्भुप्रसाद गुप्तालगायत दुईजनालाई जनही पाँच हजार नगद जरिवाना तथा तीन महिना कैदको सजाय सुनाएको थियो । उनीमाथि ०५५ साल जेठमा जलेश्वर नगरपालिका- ४ बस्ने पम्फादेवी सिंहलाई बोक्सीको आरोपमा मलमूत्र खुवाएको आरोप थियो । केही सार्वजनिक अपराध ऐनअन्तर्गतको मुद्दामा जिल्ला प्रशासन कार्यालयले सामान्य जरिवाना मात्र गरेर सुनाएको फैसलामा चित्त नबुझेपछि सरकारी वकिलको कार्यालयले पुनरावेदन अदालत जनकपुरमा मुद्दा पठाउँदा त्यहाँको फैसलाबाट जरिवाना यथावत् राख्दै तीन महिना कैद थपियो । फैसलामा चित्त नबुझेपछि आरोपित शम्भुलगायतले सर्वोच्च अदालतमा पुनरावेदन गर्दा त्यहाँ पुनरावेदन अदालतकै फैसला सदर गरिएको थियो ।

एकडारा गाउँकी ५७ वर्षीया मलेक्षिया देवीलाई ०५८ सालको असोजमा देवर र देउरानीलगायतका आफन्तले बोक्सीको आरोप लगाउँदै कुटपिटपछि मलमूत्र कोच्याउनुका साथै विष खुवाए । गाउँकै एउटा बच्चाको मृत्यु भएको विषयलाई लिएर मलेक्षियालाई बोक्सी आरोपमा हत्या नै गरिएको थियो । समाजशास्त्री नागेन्द्र दुबेले भने, 'गाउँघरमा कसैको टाउको दुख्दा, बान्ता हुँदा, ज्वरो आउँदा, बिरामी कसैको मृत्यु हुँदा, चौपायालाई केही हुँदा मानिस बोक्सीले मन्त्र पढेको सोच्न थाल्छन् र सोच्दासोच्दै आफैं रोगी बन्छन् । बोक्सीले यस्तो गरिदिएको सोच्नेहरूमा मनोसामाजिक समस्या देखिन थाल्दछ र झाँक्री ल्याएर कुनै न कुनै घटना गराएको देखिन्छ ।'

दुई वर्षअघि नैनहीकी फुलो देवीलाई जेठाजुले बोक्सी आरोप लगाउँदा आफैँले आगो लगाई आत्महत्या गरेकी थिइन् । त्यसको केही महिनामै इलाका प्रहरी कार्यालय लोहारपटीमै एक महिलालाई बोक्सी आरोप लगाउँदै त्यहाँका सुरक्षाकर्मीले दुर्व्यवहार गरेका थिए ।

बाखा मारेको आरोपमा बोक्सी आरोप लगाउँदै ०५२ सालमा गाउँलेबाट कुटिएकी र मलमूत्र खुवाइएका सोनामाईकी बुद्धनी खातुनका छोराले इलाका प्रहरी कार्यालय गौशालामा दोषीविरुद्ध निवेदन लिएर जाँदा त्यहाँका सुरक्षाकर्मीले उल्टै बाखा मारिएको नाममा १० हजार रुपैयाँ जरिवाना लिएका थिए । ०५५ सालमा बोक्सी आरोप लगाएर चारपाटे मुडेर कुटपिट गर्दै गाउँ घुमाइएकी बुचिया देवीले विष सेवन गरेर आत्महत्या गरेकी थिइन् । गाउँलेले नाङ्गो पारेर गाउँ घुमाउने धम्की दिएका कारण उनले त्यो बेइज्जती सहनुपर्ला भन्ने डरले आत्महत्या गरेकी थिइन् । जिल्ला प्रशासन कार्यालयमा ०५७ सालमा केही सार्वजनिक अपराध ऐनअन्तर्गत गौशालाकी धन्वन्तरी देवीले बोक्सी आरोपविरुद्ध उजुरी दर्ता गराए पनि राजनीतिक दबाबपछि मुद्दा फिर्ता लिनुपरेको थियो ।

नेपाल प्रहरी केन्द्रीय कार्यालयले आर्थिक वर्ष ०६८/६९ मा देशभरि बोक्सी आरोपसम्बन्धी जम्मा १४ वटा घटना भएको सार्वजनिक गरेको छ । गत वर्ष यो सङ्ख्या १८ रहेको थियो । मानवअधिकार संरक्षण केन्द्र महोत्तरीले ०५४ देखि हालसम्म जम्मा ३० वटा मात्र बोक्सी आरोपसम्बन्धीका घटना लिपिबद्ध गर्न सकेको छ ।

*सञ्चारिका फिचर सेवा*

*(राकेश इमेज च्यानल टेलिभिजनका लागि महोत्तरीस्थित संवाददाता हुन्)*

# महिलाले सुरु गरे सुशासन

**उनी भन्छिन्, 'वन मासिँदै गएपछि पानीको मुहान सुक्दै गयो, यसले महिलालाई पानी लिन टाढाटाढा त जानुपर्‍यो नै, वस्तुभाउ पाल्न पनि गाह्रो हुँदै गयो, त्यसैले वनको महत्व बुझाउनलाई वनमा वृक्षरोपण गरियो र यसमा हामी सफल पनि भएका छौँ ।'**

**✍ ऋषि राई**

उदयपुरको विभिन्न गाविसका महिला अहिले एक-आपसमा छलफल गर्ने र लेखपढ गर्ने मात्र होइन, स्थानीय संरचनामै प्रभावकारी योगदान दिने प्रयास गरिरहेका छन् । पछिल्लो समयमा उनीहरू विद्यालय व्यवस्थापन समिति, स्वास्थ्यचौकी, खानेपानीजस्ता विषयको निर्णय-प्रक्रियामा हस्तक्षेपकारी भूमिकामा देखिएका छन् । निर्णय-प्रक्रियामा महिलाको यस्तो सहभागिताले स्थानीयस्तरमा भएका भ्रष्टाचारका घटना बाहिर आउन थालेका छन् । स्थानीय निकायमा अपारदर्शी मानिएका विभिन्न क्षेत्रमा महिलाको प्रवेशले भ्रष्टाचारका कुरा मात्र बाहिर आउन थालेका छैनन्, यसप्रकारका कार्य रोकिएका उदाहरण पनि बढ्दै गएका छन् ।

जसको पछिल्लो उदाहरण उदयपुरस्थित सीतापोखरी सामुदायिक वन उपभोक्ता समूह त्रिवेणीलाई लिन सकिन्छ । उक्त समूहका अध्यक्ष गोविन्द केसीलगायतका समितिका पदाधिकारीलाई काठ जथाभावी काटेको, समूहको रकम पारदर्शी नगरेको भन्दै महिलाले जिल्ला वनमा मुद्दा दर्ता गराएका छन् । मुद्दाको प्रक्रिया पुनरावेदन अदालतसम्म पुगेको छ । पटकपटक भइरहेको समूहको आमभेलामा अझै महिलाले आफ्नो अडान छोडेका छैनन् । 'चित्तबुझ्दो फैसला नभइञ्जेल ज्यान जाला छोडिँदैन,' समूहमा हिसाबकिताब खोज्न थालेकी अगुवा महिला उपभोक्ता मनकुमारी भुजेलले भनिन् ।

अहिले समूहका उपभोक्ताबीच दुई धार छ, एउटा धार महिलाको र अर्को पुरुषको । महिलाधारको नेतृत्व मनकुमारी भुजेलले गरेकी छिन् भने पुरुषधारको नेतृत्व अध्यक्ष गोविन्द केसीले । पुरुषधारले गाउँको सोझा उपभोक्तालाई पैसाको लोभमा निर्णय गराउने प्रयास गरिरहेको महिलाको भनाइ छ ।

पछिल्लो आमभेलामा उनीहरूले लिखित प्रतिवेदन नै प्रस्तुत गरे र एउटै माग अघि सारे । लिखित मागमा भनिएको थियो, 'सामुदायिक वनको वन पैदावार समूहबाहिर बिक्री-वितरण गर्न थालेदेखि ( आ.व. २०५९/६०) अहिलेसम्म कुनै हिसाबकिताबबारे उपभोक्तालाई जानकारी दिइएको छैन । के-कति आम्दानी भयो ? कहाँ कति खर्च भयो ? खातामा कति रकम मौज्दात छ ? यो कुराको सही जवाफ पाऊँ ।'

महिलाले यस्तो माग अघि सारेपछि अहिले रेञ्जपोस्टको सहजीकरणमा कटारी नगरपालिकाका स्थानीय राजनीतिक दल र महिलाको छानबिन समिति गठन भएको छ । 'छानबिन चलिरहेको छ, सही छानबिन नभए फेरि मुद्दा दर्ता गराउँछौं, तर वन कर्मचारीको मिलेमतोसमेत हुन सक्छ, त्यो सबै हामी राम्ररी हेरिरहेका छौं,' भुजेलले भनिन् ।

वनका विवाद मात्र होइन, विवाद नभएका वा आफ्नै वन वा समूह नभएका महिला पनि वन समूहहरूसँग सहकार्य गर्दै वन संरक्षणमा लागिपरेका छन् । मरुवा हरित सामुदायिक वन उपभोक्ता समूह कटारी ५ र ७ को अतिक्रमित १० हेक्टरबराबरको क्षेत्रमा अहिले मिलेनियम आमा समूह कटारी- ५ ले विभिन्न जातका १५ सय बिरुवा रोपेर हरियाली पारेको छ । समूहका अध्यक्ष सुनिता सुनुवारले आफूहरूले स्थानीयस्तरमा वनको महत्व बुझाउने प्रयास गरिरहेको बताइन् । उनी भन्छिन्, 'वन मासिँदै गएपछि पानीको मुहान सुक्दै गयो, यसले महिलालाई पानी लिन टाढाटाढा त जानुपर्‍यो नै, वस्तुभाउ पाल्न पनि गाह्रो हुँदै गयो, त्यसैले वनको महत्व बुझाउनलाई वनमा वृक्षरोपण गरियो र यसमा हामी सफल पनि भएका छौं ।'

यसरी सामुदायिक वन उपभोक्ता समूहजस्ता महत्वपूर्ण स्थानमा महिलाको अग्रसरता बढिरहेको छ । घाँस, दाउरा, गोठालोजस्ता वनसँग सम्बन्धित काममा सहभागी हुँदै आएका महिलाको यो अग्रसरताले भ्रष्टाचार र पारदर्शितामा निकै महत्व राखेको छ । वनको महत्व पुरुषले बुझेको भनाइ पनि उनीहरूको रहँदै आएको छ । बेलकोट महिला सामुदायिक वन उपभोक्ता समूह रिस्कुका अध्यक्ष रूपा तामाङ वनको दिगो व्यवस्थापन गर्न महिला अग्रसर हुनु आवश्यक रहेको बताउँछिन् । उनी भन्छिन्, 'वन व्यवस्थापन र संरक्षण गर्न महिला सक्रिय हुनु आवश्यक छ ।'

सरकारले सामुदायिक वन समुदायमा हस्तान्तरण गरेको धेरै वर्ष भए पनि सबै वन समूहमा पुरुषकै हालिमुहाली हुँदै आएको थियो ।

'अधिकार खोजेपछि पाइँदोरहेछ, महिला नै उपभोक्ता महिला नै पदाधिकारी महिला-महिलाबीच नै छलफल गर्न सजिलो भएको छ,' महिला सामुदायिक वन समूहका पदाधिकारीहरू भन्छन् । जनजागरण महिला सामुदायिक वन उपभोक्ता समूह त्रिवेणीका अध्यक्ष राधा गुरुङ भन्छिन्, 'महिला-महिलामा छलफल गर्दा एक-आपसमा कुरा राख्न सजिलो हुन्छ, पुरुषहरूले के भन्लान् भन्ने डर हुँदैन ।' घरका पुरुषहरूले सुरुसुरुमा के पो गर्लान् भनेर वास्ता नगरे पनि बिस्तारै पुरुषहरू पनि महिलाको काममा सकारात्मक हुँदै गएको उनको भनाइ छ ।

पुरुषहरूले सञ्चालन गरेका वन उपभोक्ता समूहहरूबारे अहिले काठको अवैध बेचबिखनलगायतका कुराहरू समाचार बनिरहँदा

महिला सामुदायिक वनहरू भने वनको संरक्षण गर्नेमा लागिपरेका छन् । उदयपुरमा दुई सय ९० पुरुषद्वारा सञ्चालित सामुदायिक वनहरू छन् भने महिलाले सञ्चालन गरेका २० वटा सामुदायिक वनहरू छन् । महिलाद्वारा सञ्चालित वनहरू पारदर्शी र उदाहरणीय भइरहेको सामुदायिक वन उपभोक्ता महासङ्घ ( फेकोफन) उदयपुरका महासचिव पार्वती राईको भनाइ छ । 'वनसम्बन्धी धेरै मुद्दा भ्रष्टाचार र आर्थिक अपारदर्शिताकै आउने गर्छन्, तर महिला समूहको भने कुनै मुद्दा आएका छैनन्,' उनले भनिन् । वन समूहको परिचयपत्र बोकेर महिलाहरू वन संरक्षण गर्न आफैं आलोपालो गरी गस्ती जानेसमेत गर्दै आएका छन् ।

उदयपुरको त्रियुगा नगरपालिकामा मात्र सातवटा महिला सामुदायिक वन उपभोक्ता समूह रहेका छन् । त्यसका अलावा त्रिवेणीमा २, रिस्कुमा २, रौतामा ३, जोगीदहमा ३, कटारीमा १, सुन्दरपुरमा १, हँडियामा १ गरी सात गाविसमा १३ महिला सामुदायिक वन उपभोक्ता समूह रहेका छन् । ती सबै महिला समूह जिल्लामै राम्रा र उदाहरणीय रहेको जिल्ला वन कार्यालय उदयपुरका जिल्ला वन अधिकृत डा. अखिलेशलालश्वर कर्णले बताए । कर्णले भने, 'यो जिल्लामा महिलाले मात्र सञ्चालन गरेका समूह अत्यन्तै राम्रो रहेका छन्, उनीहरूले उदाहरणीय काम गरिरहेका छन् ।'

५० हेक्टरको उदयचौरी महिला सामुदायिक वन त्रिवेणी- ४ दर्ता गराएर सुरु भएको उदयपुरको महिला सामुदायिक वनको अवधारणा अहिले लुहाले सिर्जना महिला समूहभित्र ३ र ६ सम्म आइपुग्दा बृहत् बन्दै गएको छ । अन्य वनहरू उजाडिँदै जाँदा महिला सामुदायिक वन भने हरियाली हुँदै गएका छन् । जसका कारण घाँसदाउरा तथा कृषिजन्य सामग्री प्रयोग गर्न महिलालाई टाढा जानुपरेको छैन । यसले महिलाको जीवनस्तर सहज हुँदै गएको छ । आफैंले माइन्युट लेख्ने, आफैंले निर्णय गर्ने बानी बसेपछि उनीहरूलाई छलफल गर्न अवसर मिलेको र क्षमता अभिवृद्धि पनि हुँदै गएको छ । यो प्रक्रियालाई सामुदायिक वनसँगै अन्य स्थानीय क्षेत्रमा पनि लागू गर्दै जाने हो भने महिला सशक्तीकरणका साथै भ्रष्टाचारको न्यूनीकरण पनि हुने अपेक्षा गर्न सकिन्छ ।

*सञ्चारिका फिचर सेवा*

*(ऋषि उदयपुरको कटारीमा कार्यरत पत्रकार हुन्)*

# कार्यस्थलमा हिंसा : तोडिँदै छ मौनता

**स्थायी रूपमा कार्यरत महिला कर्मचारी/मजदुरभन्दा अस्थायीलाई झनै समस्या हुने गरेको छ । भनेको नमाने जागिर जाने डर हुने भएकाले अस्थायी महिला कर्मचारीलाई बढी पीडा हुने गरेको हो । करार अवधि थप गर्ने समयमा लगानीकर्ता/कार्यालयप्रमुखहरूले गर्ने व्यवहारले मानसिक हिंसा भोग्नुपरेको पीडितहरूको भनाइ छ ।**

✍ **सरिता दाहाल**

एउटा सरकारी कार्यालयमा करारमा कार्यालय सहयोगीको काम गरिरहेकी हेटौंडाकी सुनिता कार्की (नाम परिवर्तन)ले दैनिकजसो मानसिक तनाव खेप्नुपरेपछि काम छोडिन् । अहिले उनी करेसाबारी गोडमेल गर्दै घरैमा दिन बिताउँछिन् । सरकारी कार्यालयको काम छाडेपछि उनले एउटा निजी उद्योगमा मैनबत्ती बनाउने काम पनि गरिन् । तर, त्यहाँ पनि उनी एक वर्ष मात्रै टिकिन् । मैनबत्ती उद्योगको काम पनि छाडेर तीन महिना एउटा होटलमा काम गरिन् । अहिले त्यो पनि छोडेपछि दैनिकी घरैमा बिताउने गरेकी हुन् । यसरी कार्यथलो परिवर्तन गर्नु र फरक काममा हात हाल्नु उनको रहर नभई बाध्यता थियो । 'जहाँ गए पनि सोचेजस्तो व्यवहार पाइनँ,' उनले भनिन् । कतै कार्यालयप्रमुख, कतै सहकर्मी त कतै मालिकको कारण उनले काम छोड्नुपरेको थियो । कार्यस्थलमा हुने दुर्व्यवहारको सिकार बनेपछि उनलाई काममा जानभन्दा घरमै बस्नु ठीकझैं लागेको छ ।

कार्यालय सहयोगीकै रूपमा भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र हेटौंडामा कार्यरत बिन्दु देउलालाई विगतमा आफूमाथि भएको दुर्व्यवहार सम्झँदा अहिले पनि जीउ सिरिङ्ग हुन्छ । छतिवन

गाविसस्थित उपस्वास्थ्यचौकीमा कार्यालय सहयोगी रहँदा त्यहाँका इन्चार्जले गरेको आफूप्रतिको दुर्व्यवहारले हैरान भएपछि उनले जिल्ला जनस्वास्थ्य कार्यालयलाई निवेदन लेखेर काजमा कार्यालय सरुवा मागिन् । तीन महिनाको काज सकिएपछि हाल कार्यरत कार्यालयमा नोकरी सरुवा गरेकी थिइन् । 'महिलालाई हेप्ने र दुर्व्यवहार गर्ने मामिलामा सबै उस्तै नभए पनि प्रायः उस्तै हुने रै'छन्,' देउलाले भनिन् । काखे बच्चा लिएर काममा जाँदा स्वास्थ्यचौकी इन्चार्जले आफूलाई र त्यहाँ कार्यरत नर्सहरूलाई समेत हेपेर व्यवहार गरेको उनले सुनाइन् । म त तत्काल प्रतिकार गर्थें, नर्स दिदीहरू त रोएको पनि देखेकी छु । हामी एकै क्वाटरमा बस्थ्यौं,' उनले भनिन् । उनका अनुसार, कतिपय कार्यालयका प्रमुखहरू महिला कार्यालय सहयोगीलाई आफ्नो अगाडि बसिरहन भन्छन् । टेबलमा पानी हुँदाहुँदै पानी खुवाउन भन्ने, बाहिर गयो भने घन्टी बजाएर बोलाउने गर्छन् । कतिपय पुरुष हाकिमले सहयोगीभन्दा बढी महिला मात्रै भनेर हेर्ने गरेको उनको अनुभव छ ।

स्थायी रूपमा कार्यरत महिला कर्मचारी/मजदुरभन्दा अस्थायीलाई झनै समस्या हुने गरेको छ । भनेको नमाने जागिर जाने डर हुने भएकाले अस्थायी महिला कर्मचारीलाई बढी पीडा हुने गरेको हो । करार अवधि थप गर्ने समयमा लगानीकर्ता/कार्यालयप्रमुखहरूले गर्ने व्यवहारले मानसिक हिंसा भोग्नुपरेको पीडितहरूको भनाइ छ । 'काम गर्ने र पैसा कमाउने भए त भनेको पनि मान्नुपर्‍यो नि भन्दै दबाब दिन्छन्,' उद्योगमा कार्यरत एक महिलाले भनिन् । राति अबेर तथा पुरुषहरूको बीचमा काम गर्दा आफूलाई असुरक्षित महसुस हुने गरेको उनले बताइन् । केही बोल्यो भने, यहीं काम गर्ने हाम्राविरुद्धमा खनिने भन्दै कामबाट निकाल्देलान् भनेर कतिपय महिला यौनहिंसा सहेर चुपचाप बसेका छन् ।

उद्योग तथा सरकारी कार्यालयमा कार्यरत महिला मात्र होइन, यी क्षेत्रमा भएका विभिन्न हिंसात्मक व्यवहारबारे आमनागरिकलाई सुसूचित गराउने सञ्चारमाध्यममा कार्यरत महिलाको पीडा पनि कम छैन । 'खुलेर प्रतिरोध गरूँ भोलिदेखि जागिर चट्, नगरूँ सधैं निराशा मात्रै आइलाग्छ,' हेटौंडाको एक दैनिक पत्रिकाका कार्यरत सञ्चारकर्मीले भनिन् । महिला हिंसाको समाचार लेख्यो भने तिमीहरू खालि यस्तै समाचार मात्र खोज्दै हिँड्छौ भनेर होच्याउने गरेको उनले बताइन् ।

महिला आफूले असजिलो महसुस गरेको कुरा पुरुषलाई सीधै भन्दैनन्, कारण उनीहरू पुरुषको सहयोग र सद्भावबाट धेरै सीप सिक्न चाहन्छन् र व्यक्तित्व विकास गर्न चाहन्छन् । यसमा अर्को कारण महिलालाई सहयोग गर्न सक्षम महिलाको कार्यालयमा अभाव पनि हो । जसको कारण महिला काम सिकाइमाग्न पुरुषको भरपर्न बाध्य छन् ।

सुरक्षित वातावरणमा निर्धक्क भई काम गर्नु हरेकको चाहना हुन्छ । मानवअधिकारको दृष्टिले समेत यसलाई यो मानवीय चाहभित्र राखेको छ । सहकर्मीबाट होस् वा व्यवस्थापकबाट मैत्रीपूर्ण व्यवहारको अपेक्षा सबैले गरेका हुन्छन् । कार्यस्थलमा राम्रो र आत्मसम्मानपूर्ण व्यवहार पाउने हो भने कामदार/कर्मचारीको मनोबल बढ्छ । उच्च मनोबलसहित उचित वातावरणमा आत्माविश्वासका साथ गरिने कामले कामदारलाई मात्र होइन, कार्यालय, उद्योग तथा उत्पादनमा समेत प्रत्यक्ष लाभ पुग्छ । यसको सकारात्मक लाभ राज्यलाई समेत हुन्छ । मैत्रीपूर्ण वातावरणले कार्यमा व्यावसायिकतासमेत ल्याउँछ । तर, व्यावसायिक प्रगतिको सिँढी चढिरहेका, समाजमा गहकिलो इज्जत र प्रतिष्ठा कमाएकाहरूबाटै अपेक्षाकृत व्यवहार नपाएको कारण धेरै महिला छोटो-छोटो समयमा नै पेसा परिवर्तन गर्न बाध्य छन् । सामाजिक सङ्कुचनका कारण आफैंमाथि विभिन्न आक्षेप आउने डरले महिला त्यस्ता सवाललाई बाहिर ल्याउन चाहँदैन् । कार्यक्षेत्रको समस्यालाई आफ्नो घरमा समेत नबताउने बरु पेसा नै छाड्ने गरेका छन् महिलाले ।

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको कारण कामदार/कर्मचारीले काम छाड्नु नपरोस् भनेर यसका लागि छुट्टै कानुन बनाउनका लागि प्रस्ताव गरिएको विधेयक मुलुकको राजनीतिक परिस्थितिको सिकार बनिरहेको छ । दुर्व्यवहार भएको सात दिनभित्र उजुरी गर्नुपर्ने व्यवस्था विधेयकमा छ । उजुरी परेको १५ दिनभित्र गुनासोको टुङ्गो लगाइसक्नुपर्ने, व्यवस्थापकबाट भएको निर्णय चित्तबुझ्दो नभएमा ७० दिनभित्र जिल्ला प्रशासनमा उजुरी गर्ने प्रस्ताव विधेयकमा गरिएको छ । व्यवस्थापकबाट नै दुर्व्यवहार भएमा जिल्ला प्रशासन कार्यालयमै उजुरी गरिने व्यवस्थाको माग गरिएको छ ।

प्रस्तावित कानुनमा यस्तो कानुनी अधिकारको दाबीका लागि कुनै शुल्क नलाग्ने र उजुरी गरेकै कारण व्यवस्थापकले कामदारलाई सेवाबाट हटाउने, विभागीय कारबाही गर्ने, निजको सरुवा, बढुवा वा वृत्तिविकासमा असर पुग्ने कुनै पनि कारबाही गर्न

नपाइने उल्लेख छ। यस्तो कानुन व्यावहारिक र पीडितले सम्मानको महसुस गर्न सक्ने हुनुपर्नेमा अधिकारवादीहरूले जोड दिएका छन्।

महिला हिंसाविरुद्ध सञ्चालित कार्यक्रमकी अभियानकर्ता जुनेली श्रेष्ठ यस्ता उजुरीहरू संस्थामा बाक्लै आउने गरेको बताउँछिन्। सञ्जालमा आउने उजुरीमा आफूहरूले आत्मबल तथा मनोसामाजिक परामर्श दिएर पठाउने गरेको श्रेष्ठले बताइन्। सञ्जाल तथा सम्बन्धित कार्यालय/उद्योगसँगको वार्तासमेत सफल हुन नसकेपछि मात्र मुद्दालाई अदालतमा दर्ता गर्ने गरेको उनले बताइन्। 'यति गर्दा पनि कहिलेकाहीँ त महिनामा ४/५ वटा मुद्दा अदालत पठाउनुपर्ने अवस्था आउँछ,' उनले भनिन्। तर, जिल्ला प्रशासन कार्यालय मकवानपुरमा भने यस्ताखाले हिंसाको उजुरी अझैसम्म परेको छैन। पछिल्लो समय यस्ता हिंसाको सङ्ख्यामा वृद्धि भएको भनिए पनि पहिलेभन्दा नबढेको तर हिंसाका घटनाहरू बाहिर आउने क्रम बढेको सरोकारवालहरू बताउँछन्।

*सञ्चारिका फिचर सेवा*

*(सरिता मकवानपुरमा कार्यरत पत्रकार हुन्)*

# सुरक्षित छैनन् महिला मानवअधिकार रक्षकहरू

**अधिकारकर्मी महिला विष्णु शर्माका अनुसार राज्यले महिला हिंसाविरुद्धको वर्ष मनाएर, घरेलु हिंसाविरुद्धको कानुन बनाएर या अन्य प्रयासहरूबाट महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरे पनि कार्यान्वयनको अभावमा यी प्रयास सफल हुन सकेका छैनन्।**

**✍ इन्दिरा आचार्य**

'मानवअधिकारका क्षेत्रमा काम गर्नु भनेको आफैँविरुद्ध जोखिम मोल्नुजस्तै भएको छ' यो भनाइ गुल्मीकी महिला मानवअधिकार रक्षक सीता भुसालको हो। सीता महिला हिंसाविरुद्ध खुलेर एक्लै काम गर्न डराउँछिन्। जिल्लामा आफ्नो राम्रै पहिचान राख्न सफल सीताको महिला हिंसाविरुद्ध पैरवी र वकालत गर्नु नै दिनचर्या बनेको छ। तर, हिंसापीडित महिलालाई लिएर प्रहरी चौकी, अदालत, वकिलसँग परामर्श, पैरवीलगायतका काम गर्दा सीता आफूलाई सुरक्षित नभएको महसुस गर्छिन्। सीता भन्छिन्, 'घरपरिवार र छिमेकीलाई कहाँ छ, के काममा व्यस्त छ, कति पैसा कमाएकी छ जस्तो लागेको हुन्छ। तर, आफ्नो शरीरलाई खुकुरीको धारमा हिँडाउनुपर्दाको पीडा आफैँसँग छ। पीडितको वकालत गर्दा धेरैपटक पीडक पक्षबाट धम्की आएको छ। तर, न्यायका लागि सङ्घर्ष त गर्नैपर्छ।' सीता महिला मानवअधिकार रक्षक अभियानमा कार्यरत एक अभियानकर्ता पनि हुन्। आफूसँग दैनिक तीनदेखि पाँचजना हिंसापीडित महिला सम्पर्कमा आउने गरेको उनको भनाइ छ।

सीताजस्तै अभियानकर्ता पाल्पाकी गीता शर्मा पनि महिला हिंसा र लैङ्गिक विभेदविरुद्ध खुलेरै लागेकी छिन्। आफ्नो जिल्लामा महिला हिंसाका घटना बढ्दै गएको उनी बताउँछिन्। पीडितहरू आफ्नो सम्पर्कमा दैनिक आउने गरेकाले उनले प्रहरी, अदालत, प्रशासन, महिला विकासलगायतका कार्यालयमा उनलाई बारम्बार धाउनुपर्छ। गीता भन्छिन्, 'म पेसाले कानुन व्यवसायी पनि हुँ, धेरै महिला हिंसाका मुद्दा लडेँ, कतिपय अवस्थामा पीडितले न्याय पनि पाए। तर, न्याय पाए पनि फैसला कार्यान्वयन नहुँदा उनीहरू झन् ठूलो हिंसामा परेका छन्।' महिला हिंसाविरुद्ध काम गर्दा धेरैपटक उनले धम्की पनि पाएकी छिन्। महिला मानवअधिकार रक्षकहरू स्वयम् सुरक्षित नभएको उनको अनुभव छ। भन्छिन्, 'सरकारले मानवअधिकार रक्षकहरूको सुरक्षाका लागि छुट्टै नीति ल्याउनुपर्छ।'

गुल्मीकी सीता र पाल्पाकी गीताजस्तै मुलुकमा धेरै महिला मानवअधिकार रक्षक छन्। उनीहरूले न त राज्यकोषबाट तलब पाएका छन् न त कुनै प्रोत्साहन नै। तर पनि उनीहरू लैङ्गिक विभेदविरुद्धको अभियानमा निरन्तर लागिरहेकै छन्। पीडित पक्षको वकालत गर्दा आफू र आफ्नो परिवारसमेत असुरक्षित रहेको र न्याय प्राप्त गर्न त्यति सहज नभएको उनीहरूको अनुभव छ। बुटवल- १३ देवीनगरकी हिंसा प्रभावित महिला बबी तुलाचन भन्छिन्, 'प्रहरी, प्रशासन, महिला विकास सबैमा पुगेँ, तर घटना दर्तासमेत गर्न गाह्रो भयो। महिला

अधिकारका लागि काम गर्ने एकजना दिदी भेटेपछि उहाँलाई लिएर प्रहरी प्रशासन पुगें, आनाकानी गरेरै भए पनि घटना दर्तासम्म भयो। उहाँहरूको सहयोगबाट मलाई न्याय पाउन धेरै सहज भयो।' श्रीमान्बाट एचआईभी सरेपछि सङ्क्रमित बनेकी बबीलाई सोही कारण घरबाट निकालिएको थियो।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९९८ मा मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र पारित गरेको छ। सन् २००० मा मानवअधिकार रक्षकहरूको संरक्षण गर्ने संयन्त्रको निर्माण गरी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको अनुरोधमा संयुक्त राष्ट्रसङ्घीय महासचिवद्वारा मानवअधिकार रक्षकसम्बन्धी विशेष प्रतिनिधि नियुक्त गर्ने व्यवस्थासमेत भएको छ। तर, सामाजिक, पारिवारिक अवस्था, राष्ट्रिय संरचना, नीति र व्यवहारलाई विश्लेषण गर्दा पुरुष मानवअधिकार रक्षकका लागि ठीकै भए पनि महिला मानवअधिकार रक्षकहरूलाई सो घोषणापत्र पूर्ण नभएको अधिकारकर्मीले बताउँदै आएका छन्। १९९८ मा पारित सो विश्वव्यापी घोषणापत्रले महिलाका विशेष अवस्था र आवश्यकतालाई ध्यान दिन नसकेको अधिकारकर्मी तथा महिला मानवअधिकार रक्षक अभियानका केन्द्रीय अध्यक्ष डा. रेणु राजभण्डारीको भनाइ छ।

लैङ्गिक विभेदविरुद्धको आन्दोलनमा लागेका महिलाको सहकार्यमा नेपालमा करिब सात वर्षअघि महिला मानवअधिकार रक्षक अभियानको सुरुवात भएको हो। जसमा महिला वकिल, डाक्टरका साथै मानवअधिकार संरक्षण र सम्बर्द्धनमा लागेका महिला यस अभियानका समावेश भएका छन्।

नेपालमा महिला मानवअधिकार रक्षकको रूपमा कार्यरतको सङ्ख्या हजारौं भए पनि महिला मानवअधिकार रक्षक अभियानको सचिवालयको तथ्याङ्कमा भने करिब पाँच हजार महिला सङ्गठित भएका छन्। पश्चिमाञ्चलमा मात्र सात सय महिला महिला मानवअधिकार रक्षक अभियानमा क्रियाशील छन्।

नेपाल सरकारले केही समयअघि मात्र मानवअधिकार रक्षकसम्बन्धी विधेयकको मस्यौदा तयार पारेको छ। तर पनि सो मस्यौदामा महिला मानवअधिकार रक्षकहरूको विशेष अवस्था र उनीहरूको पहिचानको कुनै लेखाजोखा नै नगरिएको डा. रेणु राजभण्डारीको आरोप छ। महिला मानवअधिकार रक्षक अभियानले सरकारलाई महिला मानवअधिकार रक्षकहरूको सुरक्षा, विशेष अवस्था र पहिचानलाई पनि सो मस्यौदामा समावेश गरोस् भन्दै छुट्टै मस्यौदा तयार पारी बुझाएको डा. राजभण्डारीले बताउनुभयो।

अधिकारकर्मी महिला विष्णु शर्माका अनुसार राज्यले महिला हिंसाविरुद्धको वर्ष मनाएर, घरेलु हिंसाविरुद्धको कानुन बनाएर या अन्य प्रयासहरूबाट महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरे पनि कार्यान्वयनको अभावमा यी प्रयास सफल हुन सकेका छैनन्। समाजमा रही महिला हिंसा, घरेलु हिंसाविरुद्ध काम गर्ने मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा खट्ने महिला मानवअधिकार रक्षकलाई उनीहरूको पहिचान, सम्मान र सुरक्षाका लागि राज्यले विशेष ध्यान दिनुपर्ने पनि विष्णुको भनाइ छ।

नेपालमा सन् २००८ जनवरीदेखि अगस्टसम्ममा ५१ जना महिला मानवअधिकार रक्षकमाथि हिंसाका घटना भएको अभिलेख महिला मानवअधिकार रक्षक अभियानको सचिवालयमा छ। जसमध्ये तीनजनाले ज्यान मार्ने धम्की, हत्या, यातना र घरेलु हिंसाका निकृष्ट व्यवहार खेप्नुपर्‍यो। ३४ जना महिला मानवअधिकार रक्षकले मानसिक यातना भोग्नुपर्‍यो भने १४ जना महिलालाई व्यक्तित्व एवम् प्रतिष्ठामा आँच आउने खालका आरोप लगाइयो। महिला मानवअधिकार रक्षकहरूमाथि भएका हिंसाका प्रकृतिलाई हेर्दा महिलाअधिकारको विषयलाई प्राथमिकतामा राखेर बालबालिका, तेस्रोलिङ्गी र समग्रमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि काम गर्ने महिला अधिकारकर्मीको सुरक्षाअवस्था धराशयी देखिन्छ। उनीहरूको सुरक्षा र पहिचानका लागि राज्यले पहल गर्नुपर्ने देखिन्छ।

*सञ्चारिका फिचर सेवा*

*(इन्दिरा रूपन्देहीमा कार्यरत पत्रकार हुन्)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ। प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन्। फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ। प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ। प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ। फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौँ। यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौँ। फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौँ। फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौँ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**

सञ्चारिका समूह, कुपण्डोल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५३०१९२, ५५५११८२
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**

**बबिता बस्नेत**